24/03/2024

National News

मुख्य समाचार:-

- प्रधानमन्त्री अनि राष्ट्रपतिले होलीको पूर्व संध्यामा जनतालाई दिनुभयो शुभकामना
- वित्त मन्त्रीले भन्नुभयो, समुचित अनि समयबद्ध फसेला तथा आर्थिक सुधारले कोविड संकटसंग जुझ्नमा भारतलाई सहायता पुग्यो
- श्री अनुराग सिंह ठाकुरले गर्नुभयो विशाक्त मादक पदार्थले एकाइसजनाको मृत्युको मामिलामा पंजाबका मुख्यमन्त्रीको आलोचना
- पाकिस्तानका विदेश मन्त्रीले भन्नुभयो, देशले भारतसंग व्यापार सम्बन्धलाई पुनः शुरू गर्नमा गम्भीरतासाथ विचार गर्नेछ
- बिहारमा एन.डी.ए गठबन्धनका घटक दल, जनता दल यूनाइटेडले जारी गऱ्यो लोकसभा उम्मीदवारहरूको सूची

राष्ट्रपति-प्रधानमंत्री-होली

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु अनि प्रधानमन्त्री श्री  नरेन्द्र मोदीले होलीको पूर्व सन्ध्यामा जनतालाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले एउटा सन्देशमा भन्नुभएको छ, होली हर्षोल्लास अनि खुशीहरूको पर्व हो, जसले आशा अनि उत्साहको भावना जगाउछ। उहाँले भन्नुभयो, होलीको रंग देशको विविधताको प्रतीक हो अनि यस पर्वले प्रेम, एकजुटता अनि भाईचारालाई बढावा दिन्छ। राष्ट्रपतिले कामना गर्नुभयो कि होलीले  प्रत्येक व्यक्तिको जीवनमा खुशी ल्यावोस् अनि सबैलाई एउटा नयाँ उत्साहका साथ राष्ट्र निर्माण तर्फ अग्रसर गरावोस।

प्रधानमन्त्रीले देशवासीलाई होलीको शुभकामना दिँदै होलीले जीवनमा नयाँ ऊर्जा अनि उत्साहको संचार गर्ने  आशा व्यक्त गर्नुभएको छ।

निर्मला सीतारामन

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारामनले भन्नुभएको छ, समुचित अनि समयबद्ध फसेला तथा आर्थिक सुधारले कोभिड संकटसंग जुझ्नमा भारतलाई सहायता गरेको छ । बेंगलूरूमा आज विचारक मन्चको एउटा सत्रलाई संबोधित गर्दै उहाँले भन्नुभयो, कोविड महामारीमा वैश्विक समुदायले भारतको भूमिकाको पहिचान गऱ्यो अनि यसलाई  सबैभन्दा गतिका साथ उदीयमान अर्थव्यवस्थाको रूपमा देख्यो । वर्ष दुइ हजार बीस अनि दुई हजार बाइस बीच कोभिड अनि पछि रूस-यूक्रेनको  युद्धमा सारा विश्वमा आर्थिक संकट उत्पन्न भएको थियो । खाद्य सामग्री, ईन्धन अनि उर्वरकको मूल्यले आकाश छुन लागेको थियो अनि राजस्व

संग्रह घटट्दै थियो । संकटको समयमा जुन देशले अतिरिक्त मुद्राको प्रवाह गर्यो, त्यो देशले आज दुई अङ्कमा महङ्गाईको सामना गर्दैछ। बजारको मांग घट्टदैछ, ब्याज दरमा बढोतरी भएको छ अनि अर्थव्यवस्था मन्दी तर्फ बढ्दै छ । तर भारतले गरीबलाई अन्न उपलब्ध गराएको छ। एम.एस.एम.ई लाई सहयोग गरेको छ। वित्त मंत्रीले भन्नुभयो, कोविड संकटदेखी निस्किनमा भारतको सिद्धांतलाई आज पूरा विश्वले चिनेको छ।

अनुराग - पंजाब मुख्यमंत्री इंडी गठबंधन

भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केन्द्रीय मन्त्री श्री अनुराग सिंह ठाकुरले पंजाबमा विशाक्त मादक पदार्थले एकाइस जनाको मृत्युको मामिलामा पंजाबका मुख्यमन्त्री श्री भगवन्त मानको आलोचना गर्नुभएको छ । श्री ठाकुरले नयाँ दिल्लीमा संवाददाताहरूलाई बताउनु भयो, पंजाबका मुख्यमंत्री दिल्लीमा हुनुहुन्छ, जबकी उहाँको राज्यमा धेरैजना मारिएका छन्। उहाँले भन्नुभयो, यस घटनामा मुख्यमन्त्रीले न त कुनै प्रतिक्रिया दिनुभयो, न जाँच शुरू गर्नुभयो । श्री ठाकुरले भन्नुभयो, मुख्यमन्त्री श्री भगवंत मान आबकारी नीति मामिलामा जेलमा बन्द श्री मनीष सिसोदिया, श्री संजय सिंह अनि श्री अरविंद केजरीवालको लड़ाई लड़नका लागि दिल्लीमा हुनुहुन्छ । उहाँले भन्नुभयो, श्री भगवंत मानको आफ्नो विधानसभा क्षेत्रमा अवैध मादक पदार्थले एकाइस जनाको मृत्यु भएको छ, तर उहाँको सरकारले मादक पदार्थका व्यापारीलाई बचाइ रहेको छ ।

पाकिस्तान-भारत व्यापार संबंध

पाकिस्तानका विदेश मन्त्री श्री मोहम्मद इशाक डारले भन्नुभएको छ, उहाँको देशले भारतसंग व्यापार सम्बन्धलाई पुनः शुरू गर्नमा गंभीरता पूर्वक विचार गर्नेछ, जुन अगस्त दुई हजार उन्नाइसदेखि निलम्बित छ । श्री डारले लण्दनमा संवाददाता सम्मेलनमा भन्नुभयो, पाकिस्तानी व्यापारी चाहान्छन् कि भारतसंग व्यापार फेरी शुरू होस् । पाकिस्तानी विदेश मन्त्रीको यस बयानले भारत प्रति पाकिस्तानको राजनयिक स्वभावमा संभावित परिवर्तनको संकेत दिएको छ । भारत सरकारद्वारा संविधानको अनुच्छेद तीनसय सत्तरीलाई निरस्त गर्न, जम्मू-कश्मीरको विशेष स्थितिलाई रद्द गर्न अनि राज्यलाई दुई केन्द्र शासित प्रदेशमा विभाजित गरे पछि पाकिस्तानले भारतसंग आफ्नो राजनयिक सम्बन्धलाई कम गरेको थियो। सम्पूर्ण केन्द्र शासित प्रदेश जम्मू-कश्मीर अनि लद्दाख भारतको अभिन्न अनि अविभाज्य भाग रहेको भारतले पाकिस्तानलाई स्पष्ट गरेको छ ।

बिहार-जदयू सूची

बिहारमा एन.डी.ए गठबन्धनको घटक दल, जनता दल यूनाइटेडले आज सबै सोह्र लोकसभा सीटबाट आफ्ना उम्मीदवारहरूको सूची जारी गरेको छ। अधिकांश नामाङ्कीत उम्मेदवार वर्तमान सांसद छन् । सीवान लोकसभा सीटबाट वर्तमान सांसद श्रीमती कविता सिंह र सीतामढी संसदीय क्षेत्रबाट सांसद श्री सुनील कुमार पिन्टूको टिकट पार्टी हाइकमानले काटेको छ। सीवानबाट श्रीमती विजय लक्ष्मी देवी अनि सीतामढी लोकसभा सीटबाट श्री देवेश चन्द्र ठाकुरलाई उम्मेदवार बनाइएको छ । पूर्व सांसद श्री लवली आनंद - शिवहरले लोकसभा सीटबाट चुनाव लड्नु हुनेछ । सीट बाड्ने समझौतामा जनता दल यूनाइटेडलाई यो सीट भारतीय जनता पार्टीबाट मिलेको हो। पार्टीबाट अन्य प्रमुख उम्मेदवारहरूमा मुङ्गेर देखि श्री राजीव रंजन सिंह उर्फ ललन सिंह, मधेपुराबाट श्री दिनेश चन्द्र यादव, नालन्दाबाट श्री कौशलेन्द्र कुमार अनि पूर्णीया देखी श्री सन्तोष कुशवाहा शामेल छन् ।

एफपीआई - निवेश

विदेशी पोर्ट फोलियो निवेशकले यस महीना भारतको equity बाजारमा आफ्नो निवेश गतिविधीमा महत्वपूर्ण बढोत्तरी गरेको छ, जसमा अठतिस, हजार करोड़ रुपियाँ भन्दा धेरैको निवेश गरेको छ । वैश्विक आर्थिक परिदृश्यमा अनुकूल परिवर्तन अनि दह्रिलो घरेलू व्यापक आर्थिक दृष्टिकोणसंग प्रेरित भएर निवेशमा बढोत्तोरीको प्रवृति अघि आएको छ । विदेशी पोर्टफोलियो निवेशक –एफ.पी.आईको निवेश दुई हजार चौबीसमा अहिले सम्म इक्विटीमा तेह्र हजार आठ सय तिरानब्बे करोड़ रुपियाँ अनि रिण बाजारमा पचपन्न हजार चार सय अस्सी करोड़ रुपियाँ भएको छ। equity अतिरिक्त, एफ.पी.आई ले यस महीनाको बाइस मार्च सम्म रिण बाजारमा तेह्र हजार दुई सय तेइस करोड़ रुपियाँको भारी निवेश गरेको छ।

सुन जफत

केरलमा, सीमा-शुल्क अधिकारीहरूले कोच्ची हवाईअड्डामा चार जना यात्रीहरूबाट चार किलो चार सय पैंतीस ग्राम सुन फेला पारेको छ। यसको मूल्य, लगभग दुई करोड़ बीस लाख रूपियाँ बताइएको छ। थाईलेण्डको राजधानी Bangkok बाट यो सुन, पेस्टका रूपमा ल्याइएको थियो। यी यात्रीहरूमा तीनजना महिला पनि समावेश छन् । अदालतले चारै जना यात्रीलाई पन्ध्र दिनको न्यायिक हिरासतमा पठाएको छ।

बैडमिंटन-नाहीद

महाराष्ट्रकी नाहीद दिवेचाले पन्चकुलामा इण्डियन मास्टर्स नेशनल बेडमिन्टन चेमपियनशिप दुई हजार चौबीसमा दुईबटा स्वर्ण पदक जीतेका छन् । बम्बे जिमखानाका सदस्य अनि शटल क्रेज़ अकादमीसंग जोडीएकी दिवेचाले हिजो  हरियाणाकी सुनीता सिंह पन्वारलाई सीधा सेटमा हराएर महिलाको पचास एकल खिताब जीतेकी छन् । नाहीद दिवेचा अनि किरण मोकाडेको जोड़ीले सीधा सेटमा शीर्ष वरीयता प्राप्त कर्नाटकको प्रबागरान सुब्बैयन अनि जयश्री रघुको जोड़ीमा प्रभावशाली जीतका साथ मिकस्ड डबल्स फिफ्टी को खिताब जीतेका छन् ।